# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ९) विराटनगर, नेपाल, भदौ ०६ गते, २०८२ साल (अतिरिक्ताङ्क १३

## भाग १

प्रदेश सरकार

कोशी प्रदेश

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

संवत् २०८२ सालको ऐन नं. ५

# योगदानमूलक निवृत्तभरण कोष स्थापना तथा सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८२

प्रस्तावनाः प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका कर्मचारीको अवकाश पछि पाउने योगदानमूलक निवृत्तभरणलाई व्यवस्थित बनाई कर्मचारीको सामाजिक सुरक्षा समेतलाई प्रत्याभूत गर्न योगदानमूलक निवृत्तभरण कोषको स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय भएकाले,

कोशी प्रदेश सभाले यो ऐन बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "योगदानमूलक निवृत्तभरण कोष (स्थापना तथा सञ्चालन) ऐन, २०८२" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अवकाश" भन्नाले कर्मचारीको सेवाका सर्त सम्बन्धी कानून बमोजिम उमेर वा सेवा अवधिको कारण हुने अवकाश सम्झनु पर्छ र सो शब्दले जुनसुकै कारणले सेवा निवृत्त भएको अवस्था समेतलाई जनाउँछ।

(ख) "कर्मचारी" भन्नाले योगदानमूलक निवृत्तभरण प्रणालीमा आबद्ध हुने सम्वत् २०७६ साल श्रावण १ गते पश्चात् नियुक्ति भएका प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवाका स्थायी कर्मचारी सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदे

(ग) "कार्यालय" भन्नाले योगदानमूलक निवृत्तभरण प्रणालीमा आबद्ध हुने कर्मचारी कार्यरत रहेको सरकारी सेवासँग सम्बन्धित प्रदेश सरकार र स्थानीय तह अन्तर्गतको कार्यालय सम्झनु पर्छ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ङ) "निवृत्तभरण कोष" भन्नाले कर्मचारीलाई योगदानमूलक निवृत्तभरण रकम उपलब्ध गराउने प्रयोजनका लागि दफा ३ बमोजिम स्थापना भएको कोषलाई सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले कोशी प्रदेशलाई सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेशलाई सम्झनु पर्छ।

(ज) "योगदानमूलक निवृत्तभरण प्रणाली" भन्नाले कर्मचारीको मासिक तलबबाट रकम कट्टा गरी कोषमा जम्मा गर्ने तथा सो कोषमा कोशी प्रदेश सरकारका कर्मचारीको हकमा प्रदेश सरकारले र स्थानीय तहको हकमा सम्बन्धित स्थानीय तहको तर्फबाट थप गरिने रकम र अवकाश हुँदा सोही कोषबाट निवृत्तभरण वा उपदान बापतको रकम प्रदान गर्ने प्रणाली सम्झनु पर्छ।

(झ) "स्थानीय तह" भन्नाले कोशी प्रदशभित्र रहेका महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

## परिच्छेद-२
## निवृत्तभरण कोष स्थापना र सञ्चालन

३. **निवृत्तभरण कोष स्थापनाः** (१) सेवाबाट निवृत्त भएको कर्मचारीलाई प्रदान गरिने निवृत्तभरण बापतको रकम उपलब्ध गराउन प्रचलित कानून बमोजिम स्थापित वा प्रदेश सरकार वा अन्तर्गतका निकायसँग सम्झौता वा समझदारी गरी त्यस्तो निकायमा निवृत्तभरण कोष स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिम निवृत्तभरण कोष स्थापना सम्बन्धी सम्झौता वा समझदारी पत्रको सूचना प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।

(३) यस दफा बमोजिमको निवृत्तभरण कोषको स्थापना सम्बन्धमा सम्पन्न गरिने सम्झौता वा समझदारी पत्रका व्यवस्था बमोजिम हुनेछ र अन्य व्यवस्था मन्त्रालयले तोके बमोजिम हुनेछ।

४. **निवृत्तभरण कोषको सञ्चालनः** प्रचलित कानून बमोजिम स्थापित वा प्रदेश सरकार वा अन्तर्गतका निकायसँग सम्झौता वा समझदारी गरिएको निकायले निवृत्तभरण कोषको सञ्चालन गर्नेछ।

५. **निवृत्तभरण कोषमा रहने रकमः** (१) निवृत्तभरण कोषमा देहाय बमोजिमको रकम रहनेछः-

(क) कर्मचारीको मासिक तलबबाट कट्टा गरेको रकम,

(ख) खण्ड (क) बमोजिम कट्टा गरेको रकम बराबर कार्यालयले थप गरेको रकम,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ग) यो ऐन प्रारम्भ हुनु अघि योगदानमूलक निवृत्तभरण पाउने गरी नियुक्त कर्मचारीलाई निवृत्तभरण उपलब्ध गराउने प्रयोजनको लागि प्रदेश र स्थानीय तहले वार्षिक रुपमा उपलब्ध गराएको रकम,

(घ) निवृत्तभरण कोषको रकम लगानीबाट प्राप्त ब्याज, लाभांश तथा मुनाफा समेतको रकम,

(ङ) योगदानमूलक निवृत्तभरण प्रणाली सञ्चालनको लागि निवृत्तभरण कोषलाई प्राप्त अन्य रकम,

(च) प्रदेश तथा स्थानीय तहले प्रयोजन तोकी उपलब्ध गराएको रकम।

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा हुने रकम र कर्मचारीको निवृत्तभरण बापत प्रदान गरिने रकमको समानुपातिक रुपले प्रभावकारी बनाउन प्रदेश सरकार र स्थानीय तहले समय समयमा निवृत्तभरण कोषमा थप रकम उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद-३

## <u>योगदानमूलक निवृत्तभरण प्रणाली सम्बन्धी व्यवस्था</u>

६. <u>निवृत्तभरण कोषमा कर्मचारीको योगदान:</u> (१) प्रदेश सरकार अन्तर्गतका कार्यालयले प्रदेश निजामती सेवामा कार्यरत कर्मचारीको मासिक तलबबाट छ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोही बराबर थप गरी निवृत्तभरण कोषमा जम्मा गर्नु पर्नेछ।

(२) स्थानीय तहका कार्यालयले स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको मासिक तलबबाट छ प्रतिशतले हुन आउने



आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

रकम कट्टा गरी सोही बराबर थप गरी निवृत्तभरण कोषमा जम्मा गर्नु पर्नेछ।

(३) योगदानमूलक निवृत्तभरण प्रणाली लागु भए पश्चात नियुक्ति भई प्रदेश वा स्थानीय तहबाट नै तलब भुक्तान हुने गरी पदस्थापन भएको वा कामकाजमा खटिएको स्थायी कर्मचारी कार्यरत कार्यालयले त्यस्तो मासिक तलबबाट छ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोही बराबर थप गरी निवृत्तभरण कोषमा जम्मा गर्नु पर्नेछ।

(४) कुनै कर्मचारी वेतलबी वा असाधारण बिदामा रहेको वा निलम्बन भएकोमा त्यस्तो बिदामा रहेको वा निलम्बन भएको वा असाधारण बिदाको अवधिभरको रकम निवृत्तभरण कोषमा जम्मा गरिने छैन।

तर त्यस्तो कर्मचारीलाई लगाइएको अभियोग प्रमाणित नभई निलम्बन फुकुवा भएमा कार्यालयले निजले पाउने तलब बापतको रकमबाट कट्टा गरी निलम्बनमा रहेको अवधिको कार्यालयले थप गर्नुपर्ने रकम एकमुष्ट रुपमा निवृत्तभरण कोषमा जम्मा गर्नु पर्नेछ।

(५) संवत् २०७६ साल श्रावण १ गते पश्चात नियुक्ति भई आफ्नोतर्फबाट मात्र योगदान गरेको तर कार्यालयको तर्फबाट रकम थप गरी निवृत्तभरण कोषमा जम्मा भएको रहेनछ भने त्यस्तो कर्मचारी कार्यरत साविकको कार्यालयले एकमुष्ट रुपमा निवृत्तभरण कोषमा रकम जम्मा गर्नु पर्नेछ।

तर साविकमा कार्यरत रहेको कार्यालय खारेज भएको वा अन्य निकायमा गाभिएको भए हाल कार्यरत कार्यालयबाट निवृत्तभरण कोषमा एकमुष्ट रकम जम्मा गर्न बाधा पर्नेछैन।

(६) योगदानमूलक निवृत्तभरण प्रणाली लागु भए पश्चात नियुक्ति भई हालसम्म निवृत्तभरण कोषको लागि योगदान नगरेका कर्मचारीले एकमुष्ट रुपमा रकम जम्मा गर्नु पर्नेछ।

(७) उपदफा (६) बमोजिम कर्मचारीले एकमुष्ट रकम जम्मा गरेमा कार्यालयले सोही बराबरको रकम निवृत्तभरण कोषमा जम्मा गर्नु पर्नेछ।

७. <u>कर्मचारीको व्यक्तिगत निवृत्तभरण खाताः</u> (१) निवृत्तभरण कोषमा कर्मचारीको छुट्टै व्यक्तिगत निवृत्तभरण खाता रहनेछ।

(२) उपदफा (१) बमोजिमको खातामा निवृत्तभरण कोष सञ्चालन गर्ने निकायले कर्मचारीको मासिक तलबबाट कट्टा भई प्राप्त भएको रकम, प्रदेश सरकार वा स्थानीय तहबाट थप भएको रकम, सोको ब्याज र आर्जन गरेको मुनाफाको तोकिए बमोजिमको रकम कर्मचारीको व्यक्तिगत खातामा जम्मा गर्नु पर्नेछ।

(३) निवृत्तभरण कोष सञ्चालन गर्ने निकायले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र कर्मचारीको व्यक्तिगत खातामा जम्मा भएको रकम, सोको ब्याज तथा मुनाफा समेत समावेश गरी विवरण अद्यावधिक गर्नु पर्नेछ।

(४) कर्मचारीको व्यक्तिगत खातामा जम्मा भएको रकमको विवरण सरल र सहज किसिमले हेर्न वा त्यस्तो विवरणको प्रति चाहेको बखत सम्बन्धित कर्मचारीले प्राप्त गर्न सक्ने गरी निवृत्तभरण कोष सञ्चालन गर्ने निकायले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

८. **निवृत्तभरण पाउने:** (१) बिस वर्ष वा सोभन्दा बढी सेवा अवधि पूरा गरी सेवाबाट अलग भएका कर्मचारीले कोषबाट मासिक रुपमा देहाय बमोजिम आजीवन निवृत्तभरण पाउनेछः-

$$\frac{\text{जम्मा सेवा वर्ष} \times \text{आखिरी तलबको रकम}}{\text{५०}}$$

(२) उपदफा (१) बमोजिम निवृत्तभरण पाउने कर्मचारीको निवृत्तभरण रकममा प्रत्येक तीन वर्ष पुगेपछि अर्को महिनादेखि खाइपाई आएको निवृत्तभरण रकमको दश प्रतिशतले हुन आउने रकम थप गरी भुक्तानी पाउनेछ।

(३) उपदफा (२) बमोजिम दश प्रतिशतले हुन आउने रकम समय समयमा प्रदेश सरकार र स्थानीय तहले निवृत्तभरण कोषमा जम्मा गर्नु पर्नेछ।

(४) यस दफा बमोजिम आजीवन निवृत्तभरण बापतको रकम सेवा निवृत्त हुँदाका बखत कर्मचारीले प्राप्त गर्ने सुरु तलब स्केलको आधा भन्दा कम र सुरु तलब स्केल भन्दा बढी हुने छैन।

९. **पारिवारिक निवृत्तभरण दिइने:** (१) बिस वर्ष सेवा अवधि पूरा गरेको कुनै कर्मचारीको निवृत्तभरण लिनु अगावै वा निवृत्तभरण लिन सुरु गरेपछि मृत्यु भएमा निजको सगोलको पति वा पत्नीलाई कर्मचारीले पाउने निवृत्तभरण रकमको पचास प्रतिशत पारिवारिक निवृत्तभरणको रुपमा दिइनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मृत्यु भएको कर्मचारीको सगोलको पति वा पत्नी नभएमा, पारिवारिक निवृत्तभरण लिन थालेपछि त्यस्तो पति वा पत्नीको मृत्यु भएमा वा त्यस्तो पति वा पत्नीले अर्को विवाह गरेमा वा

मृत्यु भएको कर्मचारीको नाबालिग सन्तान अठार वर्ष उमेर पूरा नभएसम्म त्यस्तो पारिवारिक निवृत्तभरण पाउनेछ।

(३) उपदफा (२) बमोजिम कुनै कर्मचारीको एकभन्दा बढी नाबालिग सन्तानले पारिवारिक निवृत्तभरण पाउने अवस्थामा त्यस्तो निवृत्तभरण दामासाहीले उपलब्ध गराइनेछ।

१०. <u>सेवाबाट अलग भएमा रकम पाउने:</u> (१) कुनै कर्मचारी बिस वर्ष सेवा अवधि पूरा नहुँदै जुनसुकै कारणले सेवामा नरहेमा निजको व्यक्तिगत खातामा जम्मा भएको रकम, ब्याज र मुनाफा समेत निजले एकमुष्ट रुपमा पाउनेछ।

(२) कुनै कर्मचारीको बिस वर्ष सेवा अवधि पूरा नहुँदै मृत्यु भएमा निजको व्यक्तिगत खातामा जम्मा भएको रकम, सोको ब्याज तथा मुनाफा समेत निजले इच्छाएको व्यक्तिले एकमुष्ट रुपमा पाउनेछ।

तर मृत्यु भएको कर्मचारीले कसैलाई नइच्छाएको वा इच्छाएको व्यक्तिको समेत मृत्यु भईसकेको अवस्थामा त्यस्तो कर्मचारीलाई हेरचाह गरेको निजको हकवाला वा त्यस्तो हकवाला पनि नभए प्रचलित कानून बमोजिमको हकवालाले त्यस्तो रकम पाउनेछ।

(३) निवृत्तभरण कोषमा रकम जम्मा गर्ने कर्मचारीले प्रचलित कानून बमोजिम सरकारी बाँकी तिर्नु बुझाउनु पर्ने गरी कुनै अड्डा अदालतले निर्णय गरेको अवस्थामा त्यस्तो कोषको रकम रोक्का गर्न वा असुल उपर गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

(४) कर्मचारीले निवृत्तभरण कोषबाट रकम फिर्ता पाउने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

११. <u>तलबबाट कट्टा भएको रकम र सोको ब्याज मात्र पाउनेः</u> यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कर्मचारी भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएमा निजको मासिक तलबबाट कट्टा भएको रकम र त्यस्तो रकमबाट प्राप्त गरेको ब्याज मात्र निजले फिर्ता पाउनेछ।

## परिच्छेद-४

## <u>विविध</u>

१२. <u>परिचयपत्र उपलब्ध गराउनेः</u> (१) निवृत्तभरण कोष सञ्चालन गर्ने निकायले कर्मचारीलाई निवृत्तभरण कोषको परिचयपत्र उपलब्ध गराउनु पर्नेछ।

(२) कर्मचारीले उपदफा (१) बमोजिमको परिचयपत्र प्राप्त गर्नको लागि निवृत्तभरण कोष सञ्चालन गर्ने निकायले निर्धारण गरेको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ।

१३. <u>निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेः</u> मन्त्रालयले निवृत्तभरण कोषको निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ।

१४. <u>प्रतिवेदन पेस गर्नुपर्नेः</u> (१) वर्षभरिमा योगदानमूलक निवृत्तभरण सम्बन्धमा आफूले गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी कात्तिक मसान्तभित्र मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको प्रतिवेदन निवृत्तभरण कोष सञ्चालन गर्ने निकायले सार्वजनिक गर्नु पर्नेछ।

१५. <u>सम्पर्क राख्न सक्नेः</u> (१) निवृत्तभरण कोष सञ्चालन गर्ने निकायले प्रदेश सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत र स्थानीय तहसँग सम्पर्क राख्दा सम्बन्धित स्थानीय तहसँग राख्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश

१६. **<u>नियम बनाउन सक्नेः</u>** यो ऐन कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

१७. **<u>प्रचलित कानून बमोजिम हुनेः</u>** यस ऐनमा उल्लेख भएको विषयमा यसै ऐन बमोजिम र यस ऐनमा उल्लेख नभएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

प्रमाणीकरण मितिः- २०८२/०५/०६

आज्ञाले,
राम प्रसाद आचार्य
प्रदेश सचिव

आन्तरिक मामिला तथा कानून मन्त्रालय कोशी प्रदेश